नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशु सेवा विभाग

हरिहरभवन, ललितपुर

☎ [illegible]

वेबसाइट: www.dls.gov.np

ईमेल:dg@dls.gov.np (DG)

dlsplanningmonitoring@gmail.com


पत्र सङ्ख्या:-

चलानी नं.:-

मिति: २०८२।१२।०६

## बर्ड फ्लु रोग नियन्त्रण सम्बन्धी प्रेस विज्ञप्ति

नेपालमा बर्ड फ्लु रोगको नियमित रुपमा निगरानी हुँदै आएको सन्दर्भमा मोरङ जिल्लाको सुन्दरहरैचा नगरपालिका-०४ र उर्लाबारी नगरपालिका-०८ मा पालिएका कुखुराको नमुना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा मलिकुलर विधिबाट परीक्षण गर्दा मिति २०८२।१२।०४ गते हाइली प्याथोजेनिक एभियन इन्फ्लुएन्जा-H5N1 (बर्ड फ्लु) रोग पुष्टि भएको छ।

बर्ड फ्लु रोग पुष्टि भएको क्षेत्रमा बर्ड फ्लु नियन्त्रण नियमावली २०७८ बमोजिम नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०८२।१२।०६ को निर्णयानुसार आकस्मिक रोग अन्वेषण टोलिले सिफारिस गरे बमोजिमको चार किल्ला क्षेत्रलाई बर्ड फ्लु रोग प्रभावित क्षेत्र घोषणा गरी सोही नियमावली बमोजिम रोग नियन्त्रण कार्य सुरुवात भईसकेको छ। यस क्रममा प्रभावित क्षेत्रका घरपालुवा पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री नष्ट गरी निःसंक्रमणको कार्य समेत भईरहेको छ। रोग पुष्टि भएको क्षेत्रबाट रोग अन्यत्र फैलन नदिई तत्काल नियन्त्रणमा राख्न संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायहरु परिचालित भएका छन्। बर्ड फ्लु रोगलाई पूर्ण नियन्त्रणमा राख्न निम्नानुसारका विषयमा ध्यान दिई निरन्तर सहयोग गरिदिनु हुन आम जनसमुदाय लगायतका सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपिल गर्दछौं।

तपसिल:

१. पन्छी फार्ममा अनावश्यक व्यक्ति र सवारी साधनलाई प्रवेश नगराउनु हुन।

२. फार्म परिसर भित्र प्रवेश गराउनै पर्ने भएमा निःसंक्रमण गरेर मात्र फार्ममा प्रवेश गराउन हुन।

३. एक फार्ममा काम गर्ने व्यक्ति अर्को फार्ममा नजानु हुन।

४. प्रयोग भइसकेको अण्डा राख्ने कागजको क्रेट पुनः प्रयोग नगर्नु हुन।

५. फार्म/खोर प्रवेश गर्ने ढोकामा अनिवार्य रुपमा चुना लगायतका निःसंक्रामक औषधि राखिएको फुटबाथ प्रयोग गर्न हुन र प्रत्येक पटक प्रवेश गर्दा फुटबाथमा टेकेर वा स्प्रे गरेर मात्र फार्ममा प्रवेश गर्नु हुन।

६. खोर भित्र प्रवेश गर्दा छुट्टै बुट र एप्रोनको प्रयोग गर्नु हुन।

७. खोर भित्र र बाहिर दैनिक रुपमा निःसंक्रमण गर्नु हुन।

८. फार्म परिसरभित्र कुकुर, बिरालो, मुसा लगायतका अन्य पशुपन्छी प्रवेश गर्न नसक्ने व्यवस्था गर्नु हुन।

९. मरेका पन्छीलाई यथासक्य छिटो सुरक्षित तवरले खाडलमा गाड्नु हुन।

१०. पन्छी फार्ममा काम गर्ने व्यक्तिहरुले व्यक्तिगत सुरक्षाका उपायहरु अवलम्बन गर्ने, नियमित हात खुट्टा धुने र स्वास्थ्य सम्बन्धी कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु हुन।

११. पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्नु/गराउनु हुन।

पुनश्च: अकस्मात धेरै संख्यामा पन्छी बिरामी परेमा वा मरेमा तुरुन्त नजिकैको पशु सेवाका निकायमा जानकारी गराऔं।

डा. उमेश दाहाल

महानिर्देशक